**बागमती नगरपालिका**

**कर्मैया, सर्लाही ।**

**शाखाको नामः ..............................**

**कार्यक्रमको नामः ..........................**

**नमुना प्रस्ताव पत्र**

## १. पृष्ठभुमीः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित नीति, नियम, कार्यविधि एवं स्थानीय तहको वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय स्तरमा सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, सहभागितामूलक तथा परिणाममुखी बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ। समुदायमा जनचेतना अभिवृद्धि, क्षमता विकास, समन्वय तथा संस्थागत सुदृढीकरणका माध्यमबाट स्थानीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस कार्यक्रमको प्रस्ताव तयार गरिएको हो ।

स्थानीय आवश्यकता, समुदायको माग, विषयगत शाखाको कार्यक्षेत्र तथा वार्षिक स्वीकृत योजना अनुरूप सम्बन्धित सरोकारवाला निकाय, जनप्रतिनिधि, कर्मचारी, लक्षित वर्ग तथा समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रममार्फत जानकारीमूलक सहजीकरण, अन्तरक्रिया, अनुभव आदान–प्रदान, व्यवहारिक अभ्यास तथा सुझाव संकलन गरिनेछ।

## २. कानुनी आधार

कार्यक्रम सञ्चालनका लागि निम्न कानुनी तथा नीतिगत आधारहरू अवलम्बन गरिनेछः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली
- प्रदेश तथा संघीय सरकारबाट जारी निर्देशिका

- नगर कार्यपालिकाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम
- स्वीकृत बजेट तथा कार्यक्रम
- प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरू

## ३. कार्यक्रम सञ्चालनको औचित्य

स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउने, लक्षित वर्गसम्म आवश्यक जानकारी तथा सेवा पुऱ्याउने, समुदायमा सकारात्मक व्यवहारिक परिवर्तन ल्याउने तथा संस्थागत समन्वय अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ ।

कार्यक्रम सञ्चालनबाट:

- स्थानीय स्तरमा जनचेतना अभिवृद्धि हुने,
- सम्बन्धित विषयमा सहभागीहरूको क्षमता विकास हुने,
- सेवा प्रवाहमा प्रभावकारिता आउने,
- सरोकारवालाबीच समन्वय तथा सहकार्य वृद्धि हुने,
- सहभागीहरूलाई व्यवहारिक जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ।

## ४. उद्देश्य

### मुख्य उद्देश्य

स्थानीय स्तरमा आवश्यक सेवा, सूचना, क्षमता विकास तथा समन्वय प्रवर्द्धन गर्नु ।

### विशिष्ट उद्देश्य

- लक्षित वर्गलाई आवश्यक जानकारी प्रदान गर्ने ।
- सहभागीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने ।
- समुदाय तथा संस्थाबीच समन्वय तथा सहकार्य वृद्धि गर्ने ।

- सेवा प्रवाहलाई प्रभावकारी तथा परिणाममुखी बनाउने ।
- सहभागिमूलक अभ्यास तथा अन्तरक्रियालाई प्रोत्साहन गर्ने ।

**५. कार्यक्रम सञ्चालन मिति**

आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार आवश्यकता बमोजिम मिति निर्धारण गरिनेछ।

**६. कार्यक्रम सञ्चालन स्थान**

बागमती नगरपालिका अन्तर्गतको सभा हल, वडा कार्यालय वा अन्य उपयुक्त स्थान ।

**७. लक्षित सहभागी**

कार्यक्रममा देहाय बमोजिमका सहभागीहरूको सहभागिता रहनेछः

- जनप्रतिनिधिहरू
- शाखा प्रमुख तथा कर्मचारीहरू
- विषयगत समितिका पदाधिकारीहरू
- स्थानीय सरोकारवालाहरू
- महिला तथा युवा समूह
- लक्षित समुदाय
- पत्रकार तथा नागरिक समाज
- अन्य सम्बन्धित व्यक्तिहरू
- अनुमानित सहभागी संख्या: २५–५० जना

## ८. कार्यक्रम सञ्चालन विधि

कार्यक्रमलाई सहभागितामूलक तथा व्यवहारिक बनाउने उद्देश्यले निम्न विधिहरू प्रयोग गरिनेछः

- सहजीकरण
- प्रस्तुतीकरण
- समूह छलफल
- अन्तरक्रिया
- प्रश्नोत्तर
- अनुभव आदान–प्रदान
- व्यवहारिक अभ्यास

## ९. कार्यक्रम सञ्चालन प्रक्रिया

१. कार्यक्रम स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने।

२. आवश्यक प्रशासनिक तयारी गर्ने।

३. सहभागी छनौट तथा सूचना प्रवाह गर्ने।

४. कार्यक्रम सञ्चालन गर्ने।

५. उपस्थिति, फोटो तथा आवश्यक अभिलेख संकलन गर्ने।

६. खर्च विवरण तथा बिल भरपाई तयार गर्ने।

७. कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गर्ने।

## १०. अपेक्षित उपलब्धि

- सहभागीहरूमा आवश्यक ज्ञान तथा जानकारी अभिवृद्धि हुने।
- व्यवहारिक सीप विकास हुने।
- स्थानीय स्तरमा संस्थागत समन्वय सुदृढ हुने।
- सेवा प्रवाह थप प्रभावकारी बन्ने।
- लक्षित वर्गमा सकारात्मक प्रभाव पर्ने।

## ११. अनुगमन तथा मूल्यांकन

कार्यक्रमको अनुगमन सम्बन्धित शाखा, विषयगत समिति तथा नगरपालिकाबाट गरिनेछ। कार्यक्रम सम्पन्न भएपछि सहभागी प्रतिक्रिया, उपस्थिति, फोटो, गतिविधि विवरण तथा प्रतिवेदनका आधारमा मूल्यांकन गरिनेछ।

## १२. अनुमानित खर्च विवरण

| सि.नं. | शिर्षक | दर | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाजा / खाना | | | | |
| २ | व्यानर | | | | |
| ३ | यातायात खर्च | | | | |
| ४ | प्रशिक्षक / सहजीकरण | | | | |
| ५ | स्टेशनरी तथा सामग्री | | | | |
| ६ | संचार खर्च | | | | |
| ७ | हल व्यवस्थापन | | | | |
| ८ | प्रस्ताव/ प्रतिवेदन लेखन | | | | |
| ९ | विविध खर्च | | | | |
| **जम्मा रकम** | | | | | |

**अनुमानित लागत रकम अक्षरेपीः रुपैया ....................................... मात्र।**

**१३. निष्कर्ष तथा अनुरोध**

स्थानीय आवश्यकता तथा स्वीकृत कार्यक्रम अनुरूप समुदाय तथा सरोकारवालाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएको हुँदा प्रस्तुत प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइदिनु हुन अनुरोध छ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ........................... |
| प्रस्ताव पेश गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |
| नामः..................... | नामः..................... | नामः..................... |
| पदः...................... | पदः...................... | पदःप्रमुख प्रशासकीय अधिकृत |
| शाखाः.................. | मितिः.................... | मितिः.................... |
| मितिः.................... | | |